

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १२ गते शनिबार ❑ 27 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कास्कीमा विपद्का घटनामा परेर १४ जनाको मृत्यु, चार करोड बढीको क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

यस वर्षको मनसुन सुरू भएपछि पहिरामा परेर कास्कीमा हालसम्म १४ जनाको मृत्यु भएको छ । घटनामा छजना घाइते भएका छन् । यसबीचमा जिल्लामा बाढीपहिराका ३३ र अविरल वर्षाका ६१ वटा घटना घटेका प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयकानुसार विपद्मा परेर पोखरा महानगरपालिकामा १२ र मादी गाउँपालिकामा दुईजनाको मृत्यु भएको हो । पोखरा महानगरपालिका-१९ पुरुनचौर तल्लाकोटका गत असार २७ गतेको पहिरामा परी स्थानीय कुलबहादुर परियारको परिवारका छसहित सात जनाको ज्यान गएको थियो । पहिरामा परेर कुलबहादुरसहित उहाँका आमा ८५ वर्षीया लक्षिमा, पत्नी ४३ वर्षीया मनकुमारी, छोरी १५ वर्षीया प्रशना, २० वर्षीया प्रभा र ज्वाइँ २५ वर्षीय अस्मित परियार तथा छिमेकी ५६ वर्षीया राधिका परियारको मृत्यु भएको थियो । यसैगरी सोही रात पोखरा महानगरपालिका-३२ चैनपुरस्थित बाहृविसेमा ४० वर्षीया आरती ओझोको घर पहिरामा पुरिदा १८ वर्षीया अनिता ओझा, ११ वर्षीया अनुष्का ओझा र नौ वर्षीय प्रतिक सुवेदीको मृत्यु भएको थियो । यसैगरी असार २७ गते राति मादी गाउँपालिका-११ ताप्लेमा गएको पहिरामा परेर ८० वर्षीया माइतीकुमारी गुरुङको ज्यान गएको थियो ।

गत असार २६ गते पोखरा महानगरपालिका-२७ का २२ वर्षीय भीमबहादुर थापाको घरमै सुतेको अवस्थामा पहिरामा परेर निधन भएको थियो । गत असार १२ गते रातिको घटनामा कास्कीको मादी गाउँपालिका-५ चितेपानीकी १३ वर्षीया आयुस्मा रानाभाटको मृत्यु भएको थियो । सोही दिनको घटनामा पोखरा महानगरपालिका-२७ आरुपाटाका ३१ वर्षीय हरि सुनारका छोरा तीन वर्षीय अनमोल सुनारको पहिरामा परेर ज्यान गएको थियो । यसैगरी अविरल वर्षाका कारण दुईजना घाइते भएका छन् ।

प्रहरीका अनुसार पहिराका कारण जिल्लामा १४ वटा घर पूर्ण क्षति र नौ वटामा आंशिक क्षति पुगेको छ । पहिराका कारण एकवटा चौपाया मरेका र चार वटा घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिनुभयो । यस्तै वर्षाका कारण पाँचवटा चौपायाको मरेका, दुईवटा घाइते तथा एक हजार नौ सय २० वटा पंक्षी मरेका पनि शर्माले जानकारी दिनुभयो । विपद्बाट जिल्लामा अन्दाजी रु चार करोड आठ लाख ८१ हजारभन्दा बढीको सम्पत्तिमा क्षति भएको छ ।

## सामाजिक सुरक्षा भत्ता लिन आउनेलाई निशुल्क स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन



पोखरा महानगरपालिका वडा नं. १३ ले सामाजिक सुरक्षा भत्ता लिन आउने नागरिकको निशुल्क स्वास्थ्य परीक्षण गर्ने भएको छ ।

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकार्यमा सामाजिक सुरक्षा भत्ता लिन आउने नागरिकको स्वास्थ्यको जाँच गरिने अध्यक्ष किरण बरालले जानकारी गराए । उनका अनुसार पछिल्लो समय लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु रोगको समेत परीक्षण गरिनेछ । जसका लागि डा. कुशुम महराको सहयोग मिल्ने उनले बताए । "नागरिकको स्वास्थ्यमा हामी संवेदनशील छौं । सामाजिक सुरक्षा भत्ता लिन आउने वृद्ध बुवाआमाहरुको उपचारमा सहयोग मिलोस् भन्ने भावनाले वडाले नै निशुल्क स्वास्थ्य जाँचको सुविधा उपलब्ध गराएको हो ।", उनले भने । वडाले उपलब्ध गराएको निशुल्क स्वास्थ्य परीक्षणको लाभ लिन उनको अनुरोध छ । स्थानीय तहको दायित्व र कर्तव्य अन्तर्गत आफुहरुले बेलाबेलामा यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको उनले उल्लेख गरे । पोखरा महानगरपालिका वडा नं. १३ ले वडाको भौतिक विकास मात्र नभई शिक्षा, स्वास्थ्य, रोजगारीलाई प्रभावकारी बनाउन लगानी गरिरहेको छ । स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन सम्बद्ध सँघसंस्थासँग मिलेर गतिविधि अगाडि बढाइरहेको छ ।

## समाबेशी शिक्षा मापदण्डको प्रारम्भिक मस्यौदा माथी छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन



अपाङ्गता भएका बालबालिकाका लागि समाबेशी शिक्षा संचालन तथा ब्यबस्थापन मापदण्ड २०८१को प्रारम्भिक मसौदा माथि गण्डकी प्रदेशस्तरिय छलफल तथा अन्तरक्रीया कार्यक्रम शुक्रवार पोखरामा सम्पन्न भएको छ ।

कार्यक्रमको जिल्ला शिक्षा समन्वय इकाइ कास्कीका संयोजक समेत रहनुभएका जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो । पौडेलले अपांगता भएका सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न समतामूलक तथा न्यायपूर्ण अबसर सृजना गर्न मापदण्ड महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले नेपालको बिद्यमान शिक्षा सम्बन्धि संबैधानिक ब्यबस्था ऐन, निति तथा योजना कार्यान्वयन गर्न र समाबेसी शिक्षाको सहज संचालन र पहुँच स्थापित गर्न मापदण्ड थप सहायक हुने बिश्वास ब्यक्त गर्नुभयो । पौडेलले प्रारम्भिक मस्यौदामा गम्भीर छलफल सहित थप मजबुत बनाउन नेपाल सरकारलाई सुझाव दिन सरोकारवालाहरूलाइ आग्रह गर्नुभयो । उक्त कार्यक्रममा पोखरा महानगर पालिका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य, बिश्व शिक्षा परिषदका सदस्य डाक्टर बिरेनराज पोखेल, शिक्षा समन्वय एकाइ कास्कीका शाखा अधिकृत टंक बराल, नेत्रहीन संघका केन्द्रिय महासचिव शिशिर खनाल, कास्की नेत्रहीन संघ का अध्यक्ष श्रीकान्त सापकोटा, नेपाल राष्ट्रिय शिक्षक संगठन गण्डकी प्रदेश समिति अध्यक्ष रोमहर्षण पौडेल लगायत विभिन्न बिद्यालयका प्रधानाध्यापक तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागीता रहेको थियो । अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरेर नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयले उक्त प्रारम्भिक मसौदा तयार पारेको हो । नेत्रहीन युबा संघ नेपालका केन्द्रिय अध्यक्ष रामचन्द्र गैर्हेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन कार्यक्रम अधिकृत नीर श्रेष्ठले गर्नुभएको थियो ।

## पहिराले क्षतिग्रस्त अस्पतालको सेवा सञ्चालनका लागि स्वास्थ्यमन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

तनहुँको भानु नगरपालिका-५ शेपाबैंचास्थित पुरनडिही अस्पताल भवनमा पहिराले क्षति पुगेपछि सेवा सञ्चालनका लागि आवश्यक सहयोग गर्न स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको ध्यानाकर्षण गराइएको छ ।

भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीको नेतृत्वमा गएको टोलीले शुक्रबार मन्त्री पौडेललाई भेटेर पहिराले अस्पताल भवनका साथै विभिन्न उपकरणमा क्षति पुगेकाले सेवा सञ्चालनका लागि आवश्यक उपकरणको व्यवस्थापनका लागि ध्यानाकर्षण गराएको हो ।

गत असार २८ गतेको पहिराले अस्पताल भवनमा क्षति पुगेपछि सेवा अवरुद्ध भएको छ । पहिराले अस्पताल भवनको प्रयोगशाला र प्रसूति कक्षमा क्षति पुगेका कारण अति आवश्यक आधारभूत सेवामात्र प्रवाह भइरहेको नगरप्रमुख त्रिपाठीले बताउनुभयो । यहाँ एक पालिका एक आधारभूत अस्पताल निर्माण तथा सञ्चालनअन्तर्गत आधारभूत अस्पताल भवन अन्तिम चरणमा रहेको छ भने हाल पुरानो भवनबाट सेवा प्रवाह भइरहेको छ । नगरप्रमुख त्रिपाठीकानुसार अस्पतालमा थप शयूया, २० रक्तचाप परीक्षण उपकरण, पाँच ओटोस्कोप, पाँच प्रसूति सेट, चार नेबुलाइजरलगायत सामग्री आवश्यक भएकाले मन्त्री पौडेललाई ध्यानाकर्षण गराइएको छ ।

## क्याप्टेन शाक्यको स्वास्थ्य अवस्था सामान्यः अस्पताल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

दुर्घटनामा घाइते हुनुभएका सौर्य एयरलाइन्सका क्याप्टेन मनिषरत्न शाक्यको स्वास्थ्य अवस्था सामान्य रहेको काठमाडौँ मेडिकल कलेजले जनाएको छ ।

अस्पतालका निर्देशक प्राडा मीना थापाले विज्ञप्ति जारी गर्दै उपचाररत केसीको स्वास्थ्यमा अन्य जटिलता नदेखिएको बताउनुभएको छ । बुधबार बिहान सौर्य एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा दुर्घटनाग्रस्त हुँदा सोही विमानका चालक शाक्यलाई घाइते अवस्थामा उद्धार गरिएको थियो ।

विमानमा सवार अन्य १८ जनाको मृत्यु भइरसकेको छ । शाक्यलाई उद्धार गरी सिनामङ्गलस्थित काठमाडौँ मेडिकल कलेजको सघन उपचार कक्षमा उपचार सुरु गरिएको थियो । "क्याप्टेन शाक्यको स्वास्थ्य अवस्था सामान्य छ ।

उहाँको अनुहार, आँखा, नाक तथा टाउकोमा चोट लागेको छ, ढाडको एउटा हड्डी साथै देब्रेपट्टिका तीनवटा करङ्ग भाँच्चिएका छन्", विज्ञप्तिमा भनिएको छ । अस्पतालले विमान दुर्घटनामा मृत्यु भएकाप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारमा हर्दिक समवेदना व्यक्त गरेको छ ।


### गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- ◆ पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- ◆ मौसम अनुसारका ताजा तरकारी एवम् फलफूल उपभोग गरौं,
- ◆ सडेगलेको र बासी खानेकुरा नखाऔं,
- ◆ खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔ,
- ◆ धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं
- ◆ घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं
- ◆ घर आँगन र आसपासको क्षेत्र सफा राखौ,
- ◆ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## रास्वपाद्वारा पार्टीको विधान परिमार्जनका लागि कार्यदल गठन

**पोखरापत्र संवाददाता**
काठमाडौं, ११ साउन

राष्टिय स्वतन्त्र पार्टी(रास्वपा)ले कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीको संयोजकत्वमा विधान संशोधन सुझाव कार्यदल गठन गरेको छ ।

रास्वपाको आज बसेको केन्द्रीय समितिको बैठकले पार्टीको विधानमा आवश्यक परिमार्जन तथा संशोधनका लागि कार्यवाहक महामन्त्री बुर्लाकोटीसहित ११ सदस्यीय कार्यदल गठन गरेको हो । उक्त कार्यदलको सदस्यमा सोविता गौतम, गणेश कार्की, डा तोसिमा कार्की, क्रान्तिशिखा धिताल, विजय जैरु, मेघ आले, कामिनी चौधरी, पुकार बम, डा नारायण घिमिरे र शङ्कर श्रेष्ठ हुनुहुन्छ । शनिबारको बैठकको निर्णयबारे जानकारी दिँदै कार्यवाहक प्रवक्ता मनिष झाले भदौको दोस्रो सातामा कर्णाली


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# रेवान पोखरामा विश्वराज पौडेल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ११ साउन

रेष्टरेण्ट एण्ड बार एशोसियसन (रेवान) पोखराको अध्यक्षमा विश्वराज पौडेल चयन भएका छन् ।

शुक्रबार पोखरामा सम्पन्न संस्थाको ३० औ वार्षिक साधरण सभा तथा १६ औं अधिवेशनले पौडेलको अध्यक्षमा नयाँ कार्यसमिति चयन गरेको हो ।

संस्थाको प्रथम उपाध्यक्षमा बसन्त गौतम, द्वितिय उपाध्यक्षमा विकास भट्टराई, महासचिव विरेन्द्र शेरचन, सचिव भिष्मराज पौडेल, कोषाध्यक्षमा रोशनजंग कार्की र सह कोषाध्यक्षमा वैभव पौडेल चयन भएका छन् ।

समितिका सदस्यमा योगेश भट्टराई, लोक बहादुर गुरुङ, विष्णु बानिया, सफल थापा, लोकेश ढकाल, सुरेश न्यौपाने, कृष्ण अधिकारी र सुनिल भट्टराई



रहेका छन् ।

रेष्टुरेण्ट एण्ड बार एसोसियन (रेवान) पोखराले प्रदान गर्दै आएको रेवान पर्यटन पत्रकारिता पुरस्कारबाट पत्रकार सन्तोष पोखरेल पुरस्कृत भएका छन् । शुक्रबार सम्पन्न रेवानको ३० औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशनमा पत्रकार सन्तोष पोखरेल पुरस्कृत भएका हुन् । उनलाई पत्रकारिता मार्फत पर्यटन क्षेत्रमा योगदान पुऱ्याएको भन्दै पुरस्कृत गरिएको हो । उनलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले नगदसहित, दोसल्ला र सम्मानपत्रद्वारा पुरस्कृत गरेका थिए । पुरस्कृत पोखरेल नागरिक दैनिक गण्डकी ब्यूरो प्रमुख हुन् । यसअघि सो पुरस्कारबाट कृष्णमणी बराल, सागरराज तिमिल्सिना, विनोद लामिछाने, सुमन ढुंगना पुरस्कृत भइसकेका छन् ।

# विपद्मा परी एक सय ३९ जनाको मृत्यु

**रासस**
काठमाडौं ११ साउन

मौसमजन्य विपद्मा परी आज अपराह्नसम्म मुलुकभर एक सय ३९ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरालगायत विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशीमा २२, मधेसमा छ, बागमतीमा २९, गण्डकीमा ३८, लुम्बिनीमा २४, कर्णालीमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

बाढीपहिरामा परी कोशी र बागमती प्रदेशमा दुई/दुई तथा गण्डकी र कर्णाली प्रदेशमा एक/एक गरी छजना बेपत्ता भएका छन् । बेपत्ताको खोजी जारी रहेको प्रहरीले जनाएको छ । विपद्मा परी एक सय ५६ जना घाइते भएका छन् ।

बाढीका कारण जम्मा एक सय ८४ घर डुबानमा परेका छन् भने दुई सय ३८ घर, ८६ गोठ, ४३ पुल, दुई विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । विपद्का घटनाबाट चार हजार ३० घरपरिवार विस्थापित भएका छन् ।



फेवातालमा बाधेर राखिएका डुङ्गाः पर्यटकीय राजधानी कास्कीको पोखरा अवस्थित फेवातालमा शुक्रबार डोरीले बाधेर राखिएका डुङ्गा । तस्बिरः राधिका कँडेल/रासस

# वालिङ बैंकर्स क्लवको अध्यक्षमा अर्याल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ११ साउन

वालिङ भित्र रहेका बैंकका शाखा प्रमुखहरुको वित्तिय अर्गानाइजेसन संस्था वालिङ बैकर्स क्लवको बिशेष साधरणसभाबाट अध्यक्षमा प्रेमनारायण अर्याल चयन भएका छन् ।

क्लवका अध्यक्ष उज्जल श्रेष्ठको सरुवा भएपछि रिक्त रहेको अध्यक्षमा उपाध्यक्ष अर्याललाई सर्वसहमतिले अध्यक्षमा चयन गरिएको हो । अध्यक्षमा निर्वाचित भएका अर्याल गरिमा विकास बैंक वालिङ शाखाका प्रमुख हुन् । रिक्त रहको उपाध्यक्षमा एनएमवी बैंकका शाखा प्रमुख दीपक काफ्लेलाई चयन गरिएको छ भने अन्य पदाधिकारी भने पुरानै रहेको बैकर्स क्लवले जनाएको छ ।

सचिवमा राष्ट्रिय बाणिज्य बैंकका लिला गुरुङ, कोषाध्यक्षमा प्रभु बैंकका सन्तोष पौडेल र सहसचिवमा लक्ष्मी सनराइज बैंकका मणी बस्याल रहेका छन् । सदस्यहरु वालिङ नगरपालिका भित्रका (क), (ख) र (ग) वर्गका बैंक तथा वित्तिय संस्थाका शाखा प्रमुख रहने व्यवस्था रहेको बैकर्स क्लवका पुर्व अध्यक्ष उज्जल श्रेष्ठले जानकारी दिए । यो क्लवमा बैंकका शाखा प्रमुखहरु मात्रै साधरण सदस्य बन्न पाउने व्यवस्था गरिएको छ । जिल्लाकै मध्यभागमा रहेको वालिङ नगरपालिका बैंकहरुको हवका रुपमा परिचित छ । अहिले सम्म (क), (ख) र (ग) वर्गका बैंकका २३ वटा शाखा रहेका छन् । क्लवले बैंकको सेवा सुविधा देखी सबै बैंकहरु बिचको समन्वयको भुमिका खेल्ने छ भने सामाजिक उत्तरदायीत्वमा काम गर्दै बैंक वित्तिय सचेतना कार्यक्रम संचालन गर्ने उदेश्य रहेको क्लवका नवनिर्वाचित अध्यक्ष प्रेमनारायण अर्यालले बताए । बैंक–बैंकको समन्वय नहुँदा सेवाग्राहीमा पर्ने असुविधालाई सुविधामा जोड्ने गरी काम गर्ने अध्यक्ष अर्यालले बताए ।

# कास्की मोडनाइज्डमा स्वागत तथा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन

कास्की मोडनाइज्ड एकेडेमीमा कक्षा ११ का नव आगन्तुक विद्यार्थीहरुको स्वागत एवं अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

कक्षा ११ मा व्यवस्थापन, विज्ञान र होटेल म्यानेज्मेन्ट संकायका विद्यार्थीहरुको स्वागतमा विद्यालय र कक्षा-१२ को संयूक्त आयोजनामा उक्त कार्यक्रम गरिएको हो । पोखरा-१४ स्थित विद्यालयमा सम्पन्न कार्यक्रममा विद्यालयका संस्थापक प्राचार्य रामबहादुर मोचीले विद्यार्थी पढाई मात्रै नभई अतिरिक्त क्रियाकलापमा पनि सबल बन्नुपर्नेमा बताए । उनले सोही अनुसार विद्यालयमा कक्षाहरु सञ्चालन गर्दै आइरहेको जानकारी दिए । उनले भने 'अहिलेको अवस्थामा हामी पढाईलाई मात्र होइन खेलकुद, कला, नृत्य, सङ्गीत, नाटक सबै क्षेत्रमा विद्यार्थीलाई सबल बनाउनु पर्छ भनि सोही खालका



कक्षाहरु समेत सञ्चालन गर्दै आएका छौं । अव विद्यालयलाई राष्ट्रको एक नमुना विद्यालय बनाउन जसको लागि कक्षा टप्नु वा जि.पि.ए ४ ल्याउने बनाउनु भन्दा पनि जीवन टप्ने बनाउनु पर्छ भन्ने हाम्रो योजना हो ।'

उनले विद्यार्थीलाई एकाग्रताका साथ आफ्नो लक्ष्य प्राप्तिमा सर्मपित हुन आग्रह गरे । लक्ष्य प्राप्तीका लागि अनुसासन, मिहेनत र चरित्रको प्रमुख महत्व हुने उनको भनाई थियो । कार्यक्रममा विद्यालयको नीति नियम, संस्कार, अनुशासन लगायतका विषयमा विद्यालयका सह-प्रिन्सिपल एवं +२ कोर्डिनेटर शिवलाल उपाध्यायले प्रकाश पारेका थिए । यस्तै कार्यक्रममा विद्यालयमा पढाई हुने विषय र शिक्षण पद्धतीकाबारेमा शिक्षकहरु शुशिल अधिकारी, खेम चालिसे र इन्द्र भुषाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधा नेपालीले विद्यार्थीहरुको जिज्ञासा मेटाएका थिए । विद्यालयका संस्थापक प्राचार्य रामबहादुर मोचीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कक्षा १२ का क्रिष्टीना सापकोटा, खुशी थापा र शिक्षक शिवु ढकालले स्वागत र कक्षा -११ का एलिसा श्रेष्ठ, सुविच्छा हिराचनले आफुहरुलाई गरिएको स्वागतप्रति आभार व्यक्त गरेका थिए । विविध सांस्कृत कार्यक्रम सहित सञ्चालन गरिएको कार्यक्रमको सञ्चालन अनुराग अधिकारीसहित कक्षा १२ का विद्यार्थीहरुले गरेका थिए ।

# एक हजार चार सय घरधुरीमा विद्युत् विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ साउन

म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा एक हजार चार सयभन्दा बढी घरधुरीमा केन्द्रीय प्रसारण लाइन विस्तार भएको छ ।

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका विभिन्न ठाउँमा एक हजार चार सय ३८ उपभोक्ता थपिएका जनाएको छ । केन्द्रका सूचना अधिकारी प्रकाश झाले थप ११ वटा नयाँ ट्रान्सफर्मर जडान गरेर विद्युत् वितरण गरेको जानकारी दिनुभयो । "म्याग्दीका शतप्रतिशत घरधुरीमा केन्द्रीय प्रसारण लाइनको विद्युत् विस्तार गर्ने कार्यक्रममार्फत ११ वटा बस्तीका नौ सय ४५ घरधुरीमा बिजुली पुगेको छ", उहाँले भन्नुभयो, "यसअघि विद्युतीकरण भएका बस्तीमा थप चार सय ९३ घरमा यसपालि मिटर जडान भएको छ ।"

मालिका गाउँपालिका-६ दुखुका ९९, रघुगङ्गा-७ चिमखोलामा ६५, ८ मङ्गलेका २३, धवलागिरि-६ मराङमा एक सय तीन, मालिका-२ रुममा दुई सय ५६, धवलागिरी-३ दरमा ७६, मालिका-३ खतेनमा ५०, लुप्सीपारमा ५४, मालिका-४ ओखरबोटमा एक सय दुई, मालिका-१ छिस र रिठेचौरका एक सय १७ घरधुरीमा नयाँ मिटर जडान भएको झाले बताउनुभयो । उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सिट्ठामा निर्भर स्थानीयवासीमा बिजुली बलेपछि खुसियाली छाएको छ । घरायसी काम, विद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्ने अवसर सिर्जना भएको मालिका-३ का वडाध्यक्ष मोतीप्रसाद बुढाले बताउनुभयो ।

यसवर्ष थपिएका म्याग्दी वितरण केन्द्रअन्तर्गत २२ हजार आठ सय २१ विद्युत्का ग्राहक पुगेका छन् । आव २०७९/८० मा एक हजार दुई सय ३८ र २०७८/७९ मा ७७० घरधुरीमा नयाँ लाइन जडान भएको थियो ।


पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारीबेनी क्षेत्रमा पनि म्याग्दी वितरण केन्द्रअन्तर्गत मिलनचोक सवस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको छ । गत आवमा म्याग्दी वितरण केन्द्रमार्फत रु २२ करोड ५५ लाख २४ हजार २१ महसुल सङ्कलन भएको छ । समयमा महसुल नबुझाउने तीन सय ७८ ग्राहकको लाइन काटेर रु ३६ लाख तीन हजार नौ सय ६० बक्यौता असुल गरिएको छ । ६० दिनसम्म महसुल नतिर्नेको लाइन काट्ने र छ महिनासम्म महसुल नबुझाउनेलाई कालोसूचीमा राखिने प्राधिकरणले जनाएको छ ।

समयमा वास्तविक मिटर रिडिङ र अभिलेखमा एकरुपता तथा लाइनको सुदृढीकरणसँगै लक्ष्यभन्दा बढी विद्युत् चुहावट नियन्त्रण गरिएको प्राधिकरणका वितरण केन्द्र प्रमुख सत्यनारायण गामीले बताउनुभयो । प्राधिकरणले १२.०७ प्रतिशत चुहावट नियन्त्रणको लक्ष्य दिएकोमा म्याग्दीमा१२.२५प्रतिशतनियन्त्रण भएको उहाँले बताउनुभयो ।

# रास्वपा ...

अभियान कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो । उक्त अभियान सहमहामन्त्री विपिन आर्चायले संयोजन गर्नुहुनेछ । बैठकले पार्टीको पदाधिकारी र नेतृत्वमा रहेका सदस्यलाई रणनीतिकरूपमा सक्षम बनाउन सघन प्रशिक्षणका लागि 'क्लोज क्याम्प' आयोजना गर्ने निर्णय गरेको छ । सो पार्टीको केन्द्रीय समितिको आजको बैठकले पार्टीको सम्बन्धमा सार्वजनिक बहसमा आएका विषयमा अध्ययन अनुसन्धानका लागि केन्द्रीय अनुशासन आयोगलाई अनुरोध गर्ने निर्णयसमेत गरेको छ । बैठकले डा अरनिको पाँडेलाई पार्टीको केन्द्रीय समितिमा पुनर्बहाली गर्ने निर्णय गरेको हो । यस्तै बैठकले पार्टीको केन्द्रीय विभागमा विभिन्न मितिमा सदस्य अनुमोदन गर्ने निर्णय गरेको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ओलम्पिकमा १५औँ नेपाली सहभागिता

**राजु सिलवाल**
काठमाडौं, ११ साउन/रासस

फ्रान्समा आजदेखि औपचारिक रुपमा सुरु हुने ३३औँ गृष्मकालीन ओलम्पिकमा कुन देशले कस्तो प्रदर्शन गर्ला तथा कुन मुलुकले अत्यधिक पदक हासिल गर्ला विश्वभरिका मानिसका लागि कौतुहलताको विषय बनेको छ । ओलम्पिकअन्तर्गत फुटबल, रग्बीलगायतका खेलका प्रतियोगिता भने गत बुधबार नै सुरु भइसकेका छन् ।

ओलम्पिकमा भाग लिन नेपाली खेल टोली पनि राजधानी पेरिस पुगिसकेको छ । यसपालि एक नेपाली खेलाडी छनोट प्रतियोगिता जितेर ओलम्पिकमा सहभागी हुन गएका छन् । टेबुल टेनिस खेलाडी स्याण्टु श्रेष्ठ दक्षिण एशियाको छनोट चरण पार गरेर ओलम्पिकमा सहभागी हुन सफल भएका छन् । अन्य खेलाडीहरुलाई भने कोटा तथा वाइल्ड कार्डको आधारमा सहभागी गराइएको हो। नेपालले ओलम्पिकमा विभिन्न छ खेलमा सात खेलाडीलाई सहभागी गराउँदैछ। नेपालका अन्य खेलाडीहरुमा जुडोमा मनिता श्रेष्ठ प्रधान, एथलेटिक्समा सन्तोषी श्रेष्ठ, स्विमिङ मा डुवाना लामा र एलेक्जान्डर शाह, ब्याडमिन्टनमा प्रिन्स दाहाल, सुटिङमा सुस्मिता नेपाल छन् । नेपालले पहिलोपटक ओलम्पिकमा ब्याडमिण्टनमा भाग लिन लागेको हो ।

नेपालले ओलम्पिकमा भाग लिएको यो १५ औं पटक हो। आज राति ११ बजेर ४५ मिनेट जाँदा पेरिसमा आयोजना हुने भव्य उदघाटन समारोहमा नेपालको पनि सहभागिता रहनेछ । ओलम्पिकमा २०६ ओलम्पिक राष्ट्रिय टिमको सहभागिता रहनेछ । यसमध्ये एशियाका ४४ वटा देशहरुले भाग लिदैछन् । ओलम्पिकमा शरणार्थी टिमको समेत सहभागिता रहनेछ। नेपालले सन् १९६४ देखि ओलम्पिकमा भाग लिन सुरु गरेको थियो। पेरिस ओलम्पिकमा विभिन्न ३२ वटा खेलका ३२९ वटा इभेण्टस् सञ्चालन हुँदैछन् ।

यसअघि ओलम्पिकका लागि छनोट खेल पार गरी सहभागी हुन सफल नेपाली खेलाडीमध्ये पहिलो खेलाडीमा ताइक्वाण्डोकी खेलाडी संगिना बैध्य थिइन् । सन् २००४ मा ग्रीसको राजधानी एथेन्समा आयोजित ओलम्पिकमा उनी छनोट चरणमा जितेर भाग लिन सफल भएकी थिइन् । सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा ताइक्वाण्डो खेलाडी दिपक बिष्ट पनि छनोट खेल जितेर ओलम्पिक खेल्न गएका थिए । अन्य खेलाडीहरु भने कोटा तथा वाइल्ड कार्डको आधारमा ओलम्पिकमा सहभागी हुँदै आइरहेका छन् । ओलम्पिकमा एथलेटिक्स तथा स्विमिङ खेलमा अनिवार्य सहभागी पठाउनु पर्ने नियमअनुसार ती खेलमा नेपाली सहभागी बढी भएको पाइएको हो ।

विगतको सहभागिता

सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकदेखि नेपालले ओलम्पिकमा प्रतिस्पर्धा गर्न सुरु गरेको थियो । त्यतिखेर नेपाली टिममा दुई धावक र चार जना बक्सरलाई समावेश गरिएको थियो। बक्सरहरु भने हङ्गकङस्थित गोरखा रेजिमेण्टमा कार्यरत नेपाली सैनिकहरु थिए । सन् १९६८ मा मेक्सिकोमा आयोजित ओलम्पिक बाहेक नेपालको ओलम्पिकमा सहभागिता छुटेको छैन। हालसम्म सबैभन्दा धेरै एथलेटिक्सका खेलाडीहरुले नेपालको तर्फबाट ओलम्पिकमा भाग लिएका छन् । सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित ओलम्पिकमा नेपालबाट दुई धावक सहभागी भएका थिए । सन् १९७६ मा क्यानडाको मोर्टियलमा आयोजित ओलम्पिकमा नेपालको तर्फबाट धावक वैकुण्ठ मानन्धरले मात्र भाग लिएका थिए। उनले लगातार चार वटा ओलम्पिकमा दौडेर नेपालबाट सबैभन्दा धेरै पटक ओलम्पिकमा सहभागी हुने अवसर प्राप्त गरेका थिए। सन् १९८० मा रुसमा आयोजना गरिएको ओलम्पिकमा नेपालबाट एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा १२ जना खेलाडी सहभागी भएका थिए। सन् १९८४ मा अमेरिकाको लसएन्जल्समा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, भारोत्तोलन बक्सिङमा ११ जना खेलाडी पठाइएको थियो । सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित ओलम्पिकमा नेपालको खेल टोली विगतमा भन्दा ठूलो थियो। त्यस प्रतियोगितामा नेपालले एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, जुडो, सुटिङ र तेक्वान्दो खेलमा १८ जना खेलाडीलाई सहभागी गराएको थियो । सन् १९९२ मा स्पेनको बार्सिलोना ओलम्पिकमा ताइक्वाण्डो, सुटिङ र एथलेटिक्समा पाँच जनाले भाग लिएका थिए। सन् १९९६ मा अमेरिकाको एटलाण्टामा एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना गएका थिए । यस्तै सन् २००० मा अष्ट्रेलियाको सिड्नीमा नेपालले एथलेटिक्स, स्विमिङ तथा सुटिङमा गरी पाँच खेलाडी पठाएको थियो । सन् २००४ मा ग्रीसको एथेन्समा नेपालबाट ताइक्वाण्डो, एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना खेलाडीहरु पठाइयो। सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, जुडो, सुटिङ, स्विमिङ र ताइक्वाण्डोमा नौ खेलाडी सहभागी गराइएको थियो । सन् २०१२ मा लण्डन ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र सुटिङमा भाग लिन चार जना नेपाली गएका थिए । सन् २०१६ मा दक्षिण अफ्रिकाको रियोदि जेनिरियोमा नेपालले एथलेटिक्स, स्विमिङ, जुडो र आर्चरीमा गरी छ जनालाई सहभागी गराएको थियो । सन् २०२१ को जापानको टोकियो ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र एथलेटिक्समा पाँच जना खेलाडीले भाग लिएका थिए।

गौरवमय त्यो क्षण

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको गृष्मकालीन ओलम्पिक प्रतियोगितामा नेपालले ताइक्वाण्डो खेलमा कास्य पदक पाएको थियो। खेलाडी विधान लामाले उक्त पदक जितेका थिए । सन् १९८६ मा बिधानसहित आठ नेपाली खेलाडीले सियोलमै एशियाली खेलकुदमा कास्य पदक पनि पाएका थिए। सम्पूर्ण नेपालीहरु गौरवान्वित बनेको त्यो खुसीको क्षण क्षणिक बन्न पुग्यो। त्यतिखेर ओलम्पिकमा ताइक्वाण्डो खेललाई प्रदर्शन खेलका रुपमा समावेश गरिएकाले खेलाडी लामाले जितेको पदकलाई आधिकारिक मान्यता प्रदान नगरिएपछि नेपाल आधिकारिक पदक तालिकामा अङ्कित हुनबाट बन्चित हुन पुगेको थियो।

नगण्य उपलब्धि

ओलम्पिकमा नेपाली खेलाडीहरुको सहभागिता १५ चोटी पुगे पनि हालसम्म सहभागितामै सिमित रहेको छ । एशियाली खेलकुदमा रजत पदकसम्म जित्न सकेको नेपालले हालसम्म ओलम्पिकमा भने कुनै पदक जित्न सकेको छैन । ओलम्पिकमा सहभागिता अझै पनि औपचारिकतामा सिमित रहेको छ। ओलम्पिकका लागि दीर्घकालीन योजना सञ्चालन नहुनाले यस्ता ठूला प्रतियोगितामा नेपालको सहभागिता खाली औपचारिकतामा सिमित हुन पुगेको हो । यस्ता प्रतियोगितामा विभिन्न खेलमा भाग लिनुभन्दा उचित प्रदर्शन गर्न सकिने सिमित खेललाई जोड दिनु उचित हुने गर्दछ । खेलाडीको क्षमताको मुल्याङ्कन नगरी कोटा प्राप्त भएकै आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिनु उचित हुन्छ कि हुदैंन गम्भीर भएर सोच्नु पर्ने बेला पनि आएको छ । प्रतियोगिताको केही समयअघि खेलाडी जम्मा गरी दिइएको प्रशिक्षण ओलम्पिकजस्तो विश्व स्तरीय प्रतियोगिताका लागि अपर्याप्त भएको अनुभव विगतदेखि नै हुँदै आइरहेको छ। सिमित समय र सानो लगानीले ओलम्पिकमा सफलता सम्भव नभएको कुरा स्वयं खेल क्षेत्रसँग सम्बन्धित अधिकारी तथा प्रशिक्षकहरुले बताउँदै आइरहेका छन् । वर्षैभरि नियमित प्रशिक्षण, पर्याप्त मात्रामा खेल प्रतियोगितामा सहभागिता, वैदेशिक प्रशिक्षण र प्रतियोगितामा जाने अवसरले खेलाडीको क्षमता अभिवृद्धि गर्दै लैजाने गर्दछ। यसैगरी उनीहरुलाई यथोचित सुविधातर्फ पनि ध्यान दिनु जरुरी पर्दछ । यसै सिलसिलामा हालसम्म कैयौं स्थापित खेलाडीहरु समेत विदेश पलायन हुनु चिन्ताको विषय बनेको छ । नेपालमा सरकार परिवर्तनसँगै त्यसको प्रत्यक्ष असर खेलकुद क्षेत्रमा पनि पर्ने गरेको छ। खेलकुद क्षेत्रको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषदमा हुने गरेको पदाधिकारी परिवर्तनले पनि नेपालको समग्र खेलकुदको विकासमा असर पर्ने गरेको छ । नेपालमा भएका सयौं खेलकुद सङ्घ पनि नेपालको अन्तर्राष्ट्रिय असफलतामा जिम्मेवार रहेका छन् । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टिमहरुले खेलाडीहरुलाई रोजगार दिई नियमित रुपमा प्रशिक्षण सञ्चालन गरेर नेपालको अन्तर्राष्ट्रिय सहभागितामा यथाशक्य योगदान दिइरहेका छन् ।

दक्षिण एशियाली मुलुकहरुमध्ये भारतले हालसम्म ओलम्पिकमा ३५ वटा पदक जितिसकेको छ। यसैगरी पाकिस्तानले १० तथा श्रीलङ्काले दुई वटा पदक पाइसकेका छन्। अब नेपालले पनि ओलम्पिक जस्तो खेलकुद प्रतियोगितालाई औपचारिकतामा मात्र सिमित हुन नदिई पदक प्राप्तिका लागि उचित पहल गर्न जरुरी भसकेको छ । ओलम्पिक भनेको खेलाडीले राष्ट्रिय किर्तिमान भङ्ग गर्दा गौरव गर्ने क्षण होइन । पदक जितेर मुलुकको छवि जाज्वल्यमान बनाउने महत्वपूर्ण अवसर हो । नेपाल सरकारले पनि ओलम्पिकलाई उच्च प्राथमिकता दिई दीर्घकालीन वार्षिक योजना बनाउन तथा पदक प्राप्तसम्मका लागि आवश्यक पूर्वाधारहरु जुटाउन नेतृत्व लिनुपर्ने आवश्यकता देखिएको छ । (लेखक खेलकूदमा अभिरुचि राख्ने पत्रकार हुनुहुन्छ)

# एसओएस गण्डकीमा नवआगन्तुक विद्यार्थीको स्वागत तथा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ साउन



पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर स्कुल गण्डकीमा कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा उनीहरूको स्वागतसहितको अभिमुखीकरण गरिएको हो। कक्षा १२ का विद्यार्थीहरूको आयोजनामा सम्पन्न कार्यक्रमको सभापतित्व विद्यालयका प्राचार्य चूडामणि सुवेदीले गरेका थिए।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा कक्षा १२ मा अध्ययनरत छात्र रविन अधिकारी र छात्रा निहारिका लम्सालले नवआगन्तुक विद्यार्थीहरूलाई शब्दगुच्छाद्वारा स्वागत गरे । विद्यालयका १०+२ संयोजक खगेन्द्रराज बरालले मन्तव्यसहित कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गरे । नवआगन्तुक विद्यार्थीहरूलाई अभिमुखीकरण दिँदै संयोजक बरालले आफ्नो भविष्यका सपना साकार पार्ने उद्देश्य लिएर एसओएस गण्डकीमा प्रवेश गरेका विद्यार्थीहरूलाई योजना साकार पार्ने अभियानमा समर्पित भएर अगाडि बढ्न सुझाव दिए । नवआगन्तुक विद्यार्थीहरूलाई प्रमुख अतिथि धनराज आचार्य, एसओएस गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले अबिर र खादा लगाएर स्वागत गरेका थिए । विशेष अतिथिको आसनबाट बोल्दै एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले एसओएस गण्डकीमा कक्षा ११ का नवआगन्तुक विद्यार्थीहरूको अबको दुई वर्षे शैक्षिक यात्रा उपलब्धिपूर्ण बनोस् भनी कामना गर्दै उनीहरूको उज्ज्वल भविष्यको कामना गरे । समारोहमा नवआगन्तुक विद्यार्थीहरूका तर्फबाट स्वागत स्वीकार मन्तव्य राख्दै कक्षा ११ का सचेत सुवेदीले अध्ययन-अध्यापनका क्षेत्रमा एसओएस पोखराकै सर्वोत्कृष्ट शैक्षिक गन्तव्य रहेकामा आफू विश्वस्त रहेको बताए । उनी एसओएस गण्डकीबाटै ४ जिपिए हासिल गर्ने विद्यार्थीसमेत हुन् । त्यस्तै छात्राहरूका तर्फबाट स्मृति लम्सालले स्वागत स्वीकार मन्तव्य राख्दै एसइई दिएर बसेपछि तीन महिनासम्म उच्च शिक्षाका बारेमा जिज्ञासा राख्दा सबैले एसओएस गण्डकीको नाम सिफारिस गरेको र आफ्ना सपनाहरू सुनिश्चित गर्ने शिक्षणसंस्थाका रूपमा आफूले एसओएस गण्डकीलाई नै छनोट गरेर बताइन् । उनी पोखराकै डिजिल्यान्ड एकेडेमीबाट ४ जिपिए हासिल गर्ने विद्यार्थी हुन् ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अनाथ र असहाय बालबालिकाहरूलाई संरक्षण र शिक्षादीक्षा प्रदान गर्दै एसओएस गण्डकीले शैक्षिक क्षेत्रमा पुऱ्याइरहेको योगदानको सराहना गरे। 'एसओएस गण्डकीले प्राप्त गर्दै आइरहेको सफलतामा संस्थाले कहिल्यै पछाडि फर्केर हेर्न परेको छैन । पोखरामा चार सयभन्दा बढी विद्यालयहरू छन् । म सबै विद्यालयमा पुगेर सम्भव छैन। व्यवसायलाई भन्दा सामाजिक सेवालाई प्राथमिकता दिने एसओएसजस्ता प्रतिष्ठित शिक्षण संस्थामा समय भ्याएसम्म आफू पुगेर मैले साङ्केतिक रूपमा सम्पूर्ण विद्यार्थीहरूलाई महानगरको अभिभावकका हैसियतले शुभेच्छा प्रकट गर्दै आइरहेको छु ।' समारोहमा विद्यार्थीहरूद्वारा प्रस्तुत प्रतिभाको समेत प्रशंसा गर्दै मेयर आचार्यले भने, 'एसओएसबाट दीक्षित भएर उच्च शिक्षातर्फ अग्रसर हुने विद्यार्थीहरूले शैक्षिक प्राप्ताङ्कभन्दा पनि जीवनपोपयोगी सीप आर्जनलाई प्राथमिकता दिनुपर्दछ। विद्यार्थी भाइबहिनीहरूले विदेशी विश्वविद्यालयकाडिग्रीभन्दाआफ्नै विश्वविद्यालयको डिग्री हासिल गरेर मातृभूमिका सेवामा आफूलाई समर्पित गर्नुहोला ।' कार्यक्रममा एसओएस गण्डकीबाट विद्यालयीय शिक्षा पूरा गरेका पूर्वविद्यार्थीद्वय डा. कृष्णराज अधिकारी र डा. दीपक गौतमको पनि सहभागिता रहेको थियो । काठमाडौँको वीर अस्पतालबाट आन्तरिक औषधी विज्ञानमा एमडी गरेका अधिकारी हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत छन् भने चीनको बेइजिङ फरेस्ट्री विश्वविद्यालयबाट वनविज्ञानमा विद्यावारिधि प्राप्त गरेका गौतम हाल पोखराको वनविज्ञान अध्ययन संस्थानमा प्राध्यापन पेसामा सक्रिय छन् ।

पूर्वविद्यार्थीका तर्फबाट अनुभवात्मक मन्तव्य व्यक्त गर्दै डा. कृष्णराज अधिकारीले एसओएस गण्डकीमा अध्ययनरत आफ्नो ब्याचका २६ जना विद्यार्थीहरूमध्ये आज २१ जना विद्यार्थीहरू डाक्टर बनेर बिरामीहरूको सेवामा जुटिरहेका छन् भन्ने खबर सुनाउन पाउँदा मात्रै पनि आफूलाई निकै गौरवबोध हुने बताए । सभाध्यक्षको आसनबाट बोल्दै विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले एसओएस गण्डकीलाई विश्वास गरेर कक्षा ११ मा भर्ना हुन आउने गण्डकी प्रदेशका उत्कृष्ट मस्तिष्कहरूलाई विद्यालयमा स्वागत गर्न पाउँदा आफू निकै हर्षित भएको बताउँदै विद्यार्थीहरूले एसओएस गण्डकीमा प्राप्त भौतिक र मानवीय सुविधाको उच्चतम उपयोग गर्नेमा आफू विश्वस्त रहेको बताए ।

समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँ, पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, एसओएस युवालय गण्डकीका प्रमुख बाबुराम बराल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डेलगायतका अन्य विशिष्ट व्यक्तित्वहरूको समेत सहभागिता रहेको थियो । कक्षा १२ मा अध्ययनरत छात्रा अपी कुँवर र प्राश्ना पौडेलद्वारा सञ्चालित उक्त कार्यक्रममा नवआगन्तुक विद्यार्थीहरूको स्वागतमा विभिन्न सांस्कृतिक प्रदर्शनीसमेत प्रस्तुत गरिएको थियो । विज्ञान सङ्कायअन्तर्गत जीवविज्ञान र कम्प्युटर समूहको अध्ययन-अध्यापन हुने एसओएस गण्डकीको कक्षा ११ मा हाल भुक्तानी र छात्रवृत्ति कोटामा गरी १ सय ४० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् ।

# व्यास नगरपालिकामा स्तनपान कक्ष निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ साउन

तनहुँको व्यास नगरपालिका कार्यालय परिसरमा स्तनपान कक्ष निर्माण गरेको छ । शिशु बोकेर सेवा लिन आउने सेवाग्राही तथा महिला कर्मचारीलाई स्तनपान गराउन सहज होस भन्दै स्तनपान कक्ष निर्माण गरिएको हो।

खुल्ला स्थानमा बसेर स्तनपान गराउन असहज हुने भएकाले उनीहरुको सहजीकरणका लागि नगरपालिकाको प्रशासनिक खर्चमा स्तनपान कक्ष निर्माण गरिएको व्यासका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । "अब शिशु बोकेर आउने महिलालाई स्तनपान गराउन सहज हुनेछ", उहाँले भन्नुभयो । त्यसैगरी व्यास नगरपालिकाले नागरिक सहायता कक्ष स्थापना गरी सेवा लिन आउने सेवाग्राहीलाई निःशुल्करुपमा सेवा दिन थालेको छ। व्यास नगरपालिका मातहत रहेका चौधवटै वडामा नागरिक सहायता कक्ष स्थापना गरी सेवा दिन थालिएको हो। कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको निवेदन, कार्यालय प्रयोजनका लागि प्रयोग हुने कागजातको फोटोकपी गरिदिने व्यवस्था नगरपालिकाले गरेको छ। सेवाग्राहीलाई सूचना प्रवाहमा सहजीकरण गरी सेवा दिने गरेको नगरपालिकाले जनाएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रधानमन्त्री ओलीसँग डा सन्दुकको भेट

**रासस**
काठमाडौं, ११ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीसँग आँखालगायत समग्र स्वास्थ्य क्षेत्रमा गर्न सकिने कामबारे शुक्रबारआँखासम्बन्धी वरिष्ठ चिकित्सक डा सन्दुक रुइतले प्रधानमन्त्री निवास बालुवाटारमा कुराकानी गर्नुभएको छ।

प्रसिद्ध रमन ग्यागासासे पुरस्कारप्राप्त डा रुइतसँगको भेटबारे प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत भन्नुभएको छ, "बाहिर झमझम पानी परिरहेको थियो । भेटको मेरो प्राथमिकतामा रहनुभएका डा सन्दुक रुइतसँग आज धेरैबेर कुरा भयो । आँखालगायत समग्र स्वास्थ्य क्षेत्रमा के के गर्न सकिन्छ भन्ने विषयमा उहाँका योजना सुनें । आँखा नभएका मानिसलाई संसार देखाउन पाउँदाको उहाँको प्रेरणादायी अनुभवले ताजा भएको महसुस भयो ।"

# मालिका गाउँपालिकामा 'एक घर , एक धारा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ साउन

म्याग्दीको मालिका गाउँपालिका-७ बिमको डाडागाउँमा निजी धारासहितको खानेपानी आयोजना निर्माण सम्पन्न भएको छ।

नेपाल पानीको लागि स्वास्थ्य (नेवा) संस्था, मालिका गाउँपालिका र उपभोक्ताको रु ३२ लाख ९७ हजार सात सय ३२ को लागतमा आयोजना निर्माण सम्पन्न भएको हो। आयोजनाबाट ५६ घरपरिवार, एक विद्यालय, एक स्वास्थ्यचौकीमा निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको वडाध्यक्ष टकलाल पुनले जानकारी दिनुभयो । तीन सय ३४ जनसङ्ख्या लाभान्वित भएका उहाँले बताउनुभयो। यसअघि सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । घरआँगनकै धारामा नियमित पानी आपूर्ति हुन थालेपछि उपभोक्ताको समयको बचत भएको स्थानीयवासी टुकमान जुग्जालीले बताउनुभयो। "धाराबाट पानी ओसार्दा हुने दुःख र झञ्जट हटेको छ", उहाँले भन्नुभयो, "स्थानीयवासीको दैनिकी र जीवनशैली परिवर्तन भएको छ ।" स्वास्थ्य र सफा खानेपानी आपूर्ति हुन थाले पनि दूषित पानीका कारण हुने स्वास्थ्य समस्या कम हुने अपेक्षा गरिएको छ । खानेपानीको व्यवस्थित र मितव्ययी प्रयोगका लागि मिटर जडान गरी हेरालु राखिएको छ।

नेवाको रु १७ लाख ४० हजार आठ सय १३, गाउँपालिकाको रु छ लाख दुई हजार छ सय ४९ लगानी भएको आयोजना निर्माणका लागि रु एक लाख ६८ हजार छ सय ९३ नगद सङ्कलन गरेका उपभोक्ताहरुले रु सात लाख ८५ हजार पाँच सय ७७ बराबरको श्रमदान गरेका उपभोक्ता समितिले जनाएको छ । आयोजनाको बिहीबार मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले शुभारम्भ गर्दै स्वस्थ र स्वच्छ खानेपानी सुविधामा पहुँच बढाउन नेवासँगको साझेदारीमा डाँडागाउँसहित मालिका गाउँपालिकामा छवटा एक घर, एक धारासहितको खानेपानी आयोजना निर्माण भएको बताउनुभयो ।

# किन गर्नुपर्छ नियमित स्वास्थ्य परीक्षण ?

डा विकास श्रेष्ठ



कुनै पनि रोग लाग्नु भन्दा अगाडि समय समयमा गरिने स्वास्थ्य परीक्षणलाई नियमित स्वास्थ्य परीक्षण भनिन्छ। नियमित स्वास्थ्य परीक्षणबाट हामीले रोग लाग्न भन्दा अगाडि स्वास्थ्यमा कुनै जोखिमहरु छन् की कुनै रोगको लक्षण नहुँदा पनि हुने संकेतहरु छन् कि भनेर हेरिन्छ। यदि रोग लागेको देखि हाले पनि समयमा नै उपचार गरि त्यसको जटिलताहरुबाट बच्न सकिन्छ। नियमित स्वास्थ्य परीक्षण बालक जन्मनु भन्दा पहिले गरिएको भिडियो एक्सरेबाट सुरु हुन्छ।

**नियमित स्वास्थ्य परीक्षण कस्तो व्यक्तिलाई आवश्यक छ ?**

जुन व्यक्तिमा कुनैपनि रोगको जोखिम छ त्यस्ता व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्छ । जस्तै उदाहरणको लागि मोटोपन भएका व्यक्ति जसले सुर्तीजन्य पदार्थ, मादक पदार्थ सेवन गर्नुहुन्छ भने त्यस्ता व्यक्तिको स्वास्थ्य परीक्षण आवश्यक हुन्छ। यसका अलावा अन्य जुनसुकै उमेर समूहका व्यक्तिले स्वास्थ्य परीक्षण गर्न सकिन्छ।

**कुन समूहले कहिले गर्ने ?**

नियमित स्वास्थ्य परीक्षण हरेक वर्ष गरिन्छा जसअन्तर्गत सुगर जाँच, प्रेसर परीक्षण, चिल्लोपन (कोलेस्टोर), मुटुको जाँच, किड्नीको जाँच, कलेजोको जाँच आदि पर्दछन्।

यस्तै, उमेर समूह अनुसार पनि विभिन्न प्रकृतिका जाँचहरु गर्न सकिन्छ । ५० वर्ष उमेर नाघेका व्यक्तिले हरेक वर्ष पेट र आन्द्राको समस्याको लागि दिशाको जाँच गरिन्छ। महिला समूह अन्तर्गत हरेक दुई देखि तीन वर्षको अन्तरालमा पाठेघर मुखको क्यान्सरको जाँच गर्न सकिन्छ।

यसैगरी, ५० वर्ष नाघेका महिलाहरुमा स्तनको क्यान्सरको जाँच अन्तर्गत हरेक दुई वर्षको अन्तरालमा म्यामोग्राम गरिन्छ। ६५ वर्ष नाघेका महिलाहरुमा हडी कत्तिको बलियो छ भनेर वोन मिनिरल डेन्सीटी (वि एम डि) गरिन्छा बच्चाहरुको स्कुल जानुभन्दा अगाडि (३ वर्षदेखि ५) वर्षको उमेरमा कान, दाँत र आँखाको जाँच गर्नु उपयुक्त हुन्छ।

**नेपालमा नियमित स्वास्थ्य परीक्षणको किन महत्व छ ?**

नेपालमा सरुवा रोगको विगविगी विगतदेखि भइरहेको छा त्यसमा पनि अहिले आएर जीवनशैली परिवर्तन भएको कारणले गर्दा नेपालमा नसर्ने रोगको भार पनि थपिएको छा सर्ने रोगभन्दा नसर्ने रोगको जटिलताहरु झन् भयानक हुँदै गएको छ । जसले गर्दा मान्छेको काम गर्ने क्षमतामा कमी आउनका साथसाथै उहाँहरुलाई यो जटिलताको उपचार गर्नका लागि आर्थिक भार थपिँदै जाने भएकाले नियमित स्वास्थ्य परीक्षण गर्नु आवश्यक हुन्छ। युवा जनशक्तिमा नसर्ने रोगको प्रकोप बढ्दै गएमा पछि गएर राष्ट्रलाई नै चुनौती थपिने भएकाले सरकारले सुरुवाती चरणमै यससम्बन्धी सोच्नुपर्ने आवश्यक देखिन्छा नियमित स्वास्थ्य परीक्षणमा देखिएको भ्रमको अन्त्य गर्नुपर्ने देखिन्छा नियमित स्वास्थ्यपरीक्षण एकपटक गरेर वर्षौंसम्म ढुक्क हुने अवस्था छैन। यो नियमित रुपमा गर्नुपर्दछ।

**नियमित स्वास्थ्यपरीक्षणका फाइदाहरु**

नियमित स्वास्थ्य परीक्षण गर्दा व्यक्तिलाई त फाइदा पुग्छ नै अझ बढी फाइदा राज्यलाई हुने गरेको छा कुनैपनि व्यक्ति स्वस्थ भयो भने देश स्वस्थ्य रहन्छा स्वस्थ मान्छेले देशमा योगदान गर्न सक्छा जीवनको गुणस्तर राम्रो र रोग लागे पनि समयमा उपचार हुने भएकाले आर्थिक व्ययभारसमेत कमी हुन्छ।



गाउँका एकै खालका घरः
पोखरा महानगरपालिका-१६ मा अवस्थित सुन्दर हरपाक गाउँका एकै खालका घरहरु ।
तस्बिर : कृष्ण दवाडी/रासस

# धानबालीमा फेद कुहिने समस्या

तारानाथ आचार्य
बागलुङ, ११ साउन/रासस

धान रोपेको एक महिना भएको छैन । समयमै वर्षा भएकाले यस वर्ष यहाँका किसानले समयमै धान रोप्न पाए। धान हरियो भएर गाँज लाग्ने बेला फेद कुहिन थालेको छ। फेद कुहिने र गाँज मर्ने समस्या देखापरेपछि किसान चिन्तित बनेका छन्।

बागलुङ नगरपालिकाको पैयुँपाटा, अमलाचौर, नारायणस्थान, सिम, कालीमाटीका खेतमा रोपेको धान दुई साता नपुग्दै मर्न थालेको हो। धानको फेद र डाँठ कुहिएर पहेँलो हुँदै मर्न थालेको किसान लालप्रसाद शर्माले बताउनुभयो। "धान गोड्ने समय हुँदै थियो, ढुसीजन्य रोग फैलिएर धानको फेद कुहिने र पात मर्ने समस्या देखिन थालेको छ", शर्माले भन्नुभयो।

हिउँदभरि खानपुग्ने अन्न उब्जाउन दुःख गरेर रोपेको धानका गावा खाली हुँदै गएका छन् । अनुकूल मौसम परेकाले समयमै धान रोप्न पाएपछि किसान हर्षित बनेका थिए । उत्पादन बढ्नेमा ढुक्क किसान एकाएक रोगको प्रकोप देखिन थालेपछि अहिले निराश बनेका छन्। "यस वर्ष समयमै वर्षात् हुँदा रोपाइँ सकेर उम्किएका थियौं, बागलुङ-१३ पैँयुपाटाका किसान मुक्तिराम शर्माले भन्नुभयो, "अहिले धान उत्पादन पनि बढ्ने भो भनेर निकै आशावादी थियौं, रोपेको दुई साता नपुग्दै फेद कुहिने समस्याले सबै धान मर्न थालेपछि सोचेजस्तो धान उत्पादन हुने भएन ।" रोग नियन्त्रणको उपाय खोजी भइरहेको उहाँले बताउनुभयो। उहाँले अधिकांशको पानीमा राखिएको बीउमा यो समस्या देखिएको बताउनुभयो । शर्माको झण्डै पाँच रोपनी खेतमा यो समस्या देखिएको छ । धानमा समस्या देखिएपछि नगरपालिकाले कृषि प्राविधिकसहितको टोली अनुसन्धानका लागि पठाएको छ। नगरपालिकाले तत्काल ढुसीजन्य रोग नियन्त्रणका लागि केही विषादी किसानलाई उपलब्ध गराएको बागलुङ-१३ का वडाध्यक्ष एवं आर्थिक विकास समितिका संयोजक नारायण शर्मा पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार नगरपालिका र कृषि ज्ञान केन्द्रका प्राविधिकको स्थलगत अनुगमनपश्चात् रोग नियन्त्रणका लागि गर्न सकिने प्रयासको थालनी गरिएको छ। नगरभित्र झण्डै दुई सय रोपनी क्षेत्रफलको खेतमा यो समस्या देखिएको नगरपालिकाका कृषि शाखा प्रमुख सुवास सापकोटा बताउनुहुन्छ । उहाँले यसको रोकथामका लागि किसानलाई 'बेभिस्टिन' नामक विषादी उपलब्ध गराइएको र खेतमा विषादी राख्ने काम भएको बताउनुभयो। "धानको फेद कुहिने समस्या नगरक्षेत्रका विभिन्न वडामा देखिएको छ", सापकोटाले भन्नुभयो, "विशेषगरी स्थानीय जातका धानबाली, एक्ले, गुडुरा, खुमलटार र गौरीयालगायत धानमा यो समस्या बढी देखिएको छ।" उहाँले रोग नियन्त्रणका लागि किसानलाई खेतमा पानी सुकाएर औषधि प्रयोग गर्ने र एक सातामा एक दिनमात्र पानी लगाइ अन्य दिन सुक्खा राखेमा समस्याको समाधान हुने सापकोटाले बताउनुभयो। समयमा रोकथाम हुन नसकेमा प्रकोपग्रस्त क्षेत्रको धान उत्पादनमा झण्डै ५० प्रतिशतको बीचमा गिरावट आउनसक्ने उहाँले बताउनुभयो । "रोगको प्रकोप समयमै नियन्त्रणमा लिनसके उत्पादनमा ठूलो गिरावट नआउला", उहाँले भन्नुभयो । ढुसीजन्य रोगको प्रकोप पानीका माध्यमबाट सर्ने गर्दछ । विगत वर्षदेखि नै बागलुङका विभिन्न क्षेत्रमा यस प्रकारको समस्या देखा परिरहेको छ । धानबालीको फेद कुहिएर देख्नेबित्तिकै त्यसलाई उखेलेर नष्ट गर्ने गरेमा यो रोग अन्य बिरुवामा नसर्ने प्राविधिकहरू बताउँछन्।

# म्याग्दीका पाँचवटा रणनीतिक सडकमा कालोपत्र

सन्तोष गौतम
बागलुङ, ११ साउन/रासस

पछिल्लो एक वर्षको अवधीमा जिल्लाका पाँचवटा रणनीतिक महत्वका सडकमा कालोपत्र र ढलान भएको छ। सङ्घीय आयोजनाअन्तर्गत प्रदेश र स्थानीय सरकारले गत आर्थिक वर्षमा ३९ दशमलव ४४५ किलोमिटर सडक स्तरोन्नति गरेका हुन्।

सङ्घीय सरकारको स्थानीय पूर्वाधार आयोजनाले १० किमी दुई सय २०० मिटर, बेनी-जोमसोम-कोरला सडक आयोजनाले आठ किमी, पूर्वाधार विकास कार्यालयले १२ किमी र स्थानीय तहहरूले नौ किमी दुई सय ४५ मिटर पक्की सडक निर्माण गरेको जनाएका छन् । आव २०७९/८० मा १० किमी र आव २०७८/७९ मा १९ दशमलव छ सय ७० किमी सडक कालोपत्र भएको थियो। विसं २०५२ मा सडक सञ्जालमा जोडिएको म्याग्दीमा आव २०७७/७८ सम्म करिब २० किमी मात्र सडक कालोपत्र भएको थियो।

गत आवमा जिल्लाभर ८७ किलोमिटर सडक कालोपत्र भएको छ । छवटा स्थानीय तहका ४५ मध्य धवलागिरी गाउँपालिका-१ गुर्जा बाहेकका वडामा सडक पुगेको गण्डकी प्रदेशसभा सदस्य रेशम बहादुर जुग्जालीले बताउनुभयो। सडक सञ्जालमा जोडिएको २४ वर्षसम्म नयाँ मार्ग खोल्ने काम भएको भन्दै जिल्लामा सङ्घीयताको कार्यान्वयनसँगै भित्रिएका सडक आयोजनाले पूर्णता पाउन थालेका उहाँले उल्लेख गर्नुभयो । "म्याग्दी सडक पूर्वाधारका हिसाबले पछाडी परेको जिल्ला हो", गण्डकी प्रदेशका पूर्वभौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीसमेत रहनुभएका सांसद जुग्जालीले भन्नुभयो, "प्रदेशको पहिलो कार्यकालमा भित्रिएका आयोजनालाई पूर्णता दिन जोड दिनुका साथै गत आवमा सात सडक आयोजना स्तरोन्नति गर्न नयाँ योजना भित्रिएका छन्।"

ग्रामीण सडकहरू धमाधम कालोपत्र, ढलान हुन थालेपछि धुलो र हिलोबाट मुक्ति मिलेको, यात्रा अवधी छोटिएको, सुरक्षित र सहज भएको सवारी चालक विश्वास खत्रीले बताउनुभयो । भाडादर समायोजननहुनु,सडकअन्तर्गतका खोलाहरूमा पुल नहुनु र पहिरो तथा कटानका कारण स्तरोन्नति भएका सडकमा नियमित यातायात सञ्चालनको चुनौति देखिएको उहाँको भनाइ छ । कृषि उपजको निकासी, खाद्यान्न, दैनिक उपभोग्य वस्तु र निर्माण सामग्रीको भाडादर घटाउन, दुर्घटना न्युनीकरण, प्रत्यक्ष रोजगारी सिर्जना, बसाइँसराई घटाउँदै सहरबाट गाउँ फर्काउन, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि सडक आयोजनाहरू प्रभावकारी बन्ने अपेक्षा गरिएको छ।

हिलो र धुलोबाट मुक्ति पाएका सर्वसाधारण फराकिलो, सफा, पक्की सडकमा यात्रा गर्न पाउँदा खुसी भएका छन्। दूरदराजका बस्तिमा सडक विस्तार भएसँगै समग्र विकासमा टेवा पुगेको छ । क्रमागत, नयाँ वहुवर्षीय र सालबसाली सहित ८० भन्दा बढी योजना कार्यान्वयन गरिएको जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले बताउनुभयो । जिल्लाभर आठ दशमलव १८२ किलोमिटर सडक कालोपत्र र चार दशमलव २७३ किलोमिटर सडक ढलान भएको उहाँले जानकारी दिनुभयो। "दुईवटा मोटरेबल र एउटा झोलुङ्गे पुल, ३१ कल्भर्ट र १२ वटा कजवे निर्माण भएका छन्। करिब ११ किमी नयाँ सडकको मार्ग निर्माण भएको छ। १२ दशमलव २०९ किलोमिटर सडक ग्राभेल भएको छ", प्रमुख पौडेलले भन्नुभयो। दुई दशमलव ३१६ किमी तथा करिब १७ हजार २८६ घनमिटर ग्याविन जाली तथा मेसिनरी पर्खाल निर्माण गरिएको उहाँले जानकारी दिनुभयो । अधुरा अवस्थामा रहेका पुराना वहुवर्षीय क्रमागत योजनालाई चलायमान बनाई गति दिनुका साथै सातवटा रणनीतिक महत्वका सडक स्तरोन्नति, थप दुई ठाउँमा मोटरेबल पुल निर्माण गर्न वहुवर्षीय योजना कार्यान्वयन गरिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलाबाट कालीओडार, तिप्ल्याङ, महभीर, भिरकाटे-रातोपानी-पोखरेबगर-भुरुङ्ग तातोपानी खण्डमा आठ किमी डिविएसडी प्रविधीको कालोपत्र भएको छ।

हिउँदमा कालोपत्र र ढलान भएको सडक वर्खा यामको सुरुवातसँगै पहिरो, पानीका मुहान र कटानका कारण क्षति भएको कालीगण्डकी कोरिडोरको ठेकेदार कम्पनी शर्मा-युनाइटेडका आयोजना व्यवस्थापक सुमन भट्टराईले बताउनुभयो । सहरी विकास मन्त्रालयअन्तर्गतको स्थानीय पुर्वाधार विकास कार्यालय कास्कीमार्फत अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट गण्डकी प्रदेशको प्रसिद्ध पर्यटकीयस्थल घोडेपानी जोड्ने १८ किमी दूरीको पोखरेबगर-चित्रे सडक स्तरोन्नति गर्न विसं २०७५ मा सुरु भएको आयोजना यसै वर्ष ठेक्का टुङ्गिएको छ।

आयोजनामार्फत आठ किमी डिबिएसडी कालोपत्र, दुई दशमलव दुई सय किमी ढलान र तीन दशमलव ६९० किमी सडक सोलिङ र ग्राभेल भएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो।

"धेरै ठाउँमा सडक स्तरोन्नति भएपछि सहज भएपनि प्रवेश विन्दुमा पर्ने हल्लेगौडा क्षेत्रको पहिरोले दुःख दिएको छ", उहाँले भन्नुभयो, "पोखरेबगर-घोडेपानी सडकको यात्रालाई सहज, सुरक्षित र नियमित बनाउने हल्लेगौँडाको दुई ठाउँमा पहिरोको दीर्घकालीन समाधानका लागि बजेट र योजनाको खोजीमा छौं ।" बेनी नगरपालिकाले आव २०८०/८१ मा पाँच दशमलव ४७ किमी सडक कालोपत्र/ढलान, तीन दशमलव ६२ किमी ग्राबेल र १९ दशमलव ७८ किमी सडकमा सोलिङ, नाली, टेवा पर्खाल निर्माण गरी स्तरोन्नति गरिएको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले जानकारी दिनुभयो। मङ्गला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवकुमार पौडेलले तीनवटा आयोजनामार्फत सात सय ८ मिटर प्रिमिक्स कालोपत्र, पाँच सय ६९ मिटर ढलान र तीन सय मिटर ग्राभेल सडक निर्माण गरिएको बताउनुभयो।

अन्नपूर्ण गाउँपालिकामा तीन दशमलव ८८७ किमी सडकको नयाँ मार्ग निर्माण गरिएको बताउँदै गाउँपालिकाका इञ्जिनियर ईश्वर भण्डारीले २७० मिटर ढलान, एक हजार ६४०.७ मिटर सोलिङ र पाँच सय ८८ मिटर नाली निर्माण भएको जानकारी दिनुभयो।

# आफू निर्देशित पहिलो चलचित्र 'वसन्त'बारे यसो भन्नुहुन्छ सपूत

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

गण्डकी, १० साउनः गायक तथा अभिनेता प्रकाश सपूत यतिबेला चलचित्र 'वसन्त' को प्रि-प्रडक्सनमा व्यस्त हुनुहुन्छ । निर्देशकका रूपमा उहाँले गत वैशाखमा आफ्नो पहिलो चलचित्र 'वसन्त' निर्माणको घोषणा गर्नुभएको थियो । उक्त चलचित्रको शीर्षक भिडियो यसअघि नै सार्वजनिक भइसकेको छ । आगामी भदौ तेस्रो सातादेखि चलचित्रको छायाँकन सुरु हुने उहाँले जानकारी दिनुभयो।

"अहिले छायांकन पूर्वको तयारी भइरहेको छ, कलाकार छनोटदेखि स्क्रिप्ट, छायाँङ्कनस्थल टुङ्गोमा पुऱ्याउनेलगायत प्रि-प्रडक्सनको काम भइरहेको छ", सपूतले भन्नुभयो, "चलचित्रको अधिकांश छायाँङ्कन बागलुङ बजार र आसपासको गाउँमा गर्ने तयारी भइरहेको छ, काठमाडौं र ताईमा पनि केही भाग छायाँङ्कन हुनेछ ।" चैते दसैं र नयाँ वर्षलाई लक्षित गरी आगामी चैत २२ गतेलाई चलचित्रको प्रर्दशन मिति तोकिएको छ । यो, "चलचित्र 'वसन्त' गीतहरूबाट बन्ने छ र गीतहरू जीवन जस्तै हुनेछन् । छिनछिनमै बदलिरहने तर हामीसँगै हुने हाम्रो हाँसो र आँशु जस्तै । हावा र पानी जस्तै । जन्मिए भर्खर हाम्रा थालेको आफ्नो सन्तान जस्तै । हेरिहूँ लाग्ने । 'वसन्त' कथाले भन्दा बढी विचार, भावना र संवेदनाहरूले बन्नेछ । आशा छ तपाईलाई आफ्नै लाग्नेछ।"गायन करिअरको शिखरमा रहेकै बेला उहाँले चलचित्र निर्माण तथा निर्देशन गर्न लाग्नुभएको हो । सपूत नारायण रायमाझीद्वारा निर्देशित चलचित्र 'परदेशी २' बाट अभिनेताका रूपमा उदाउनुभएको थियो। 'वसन्त'मा पनि उहाँ आफैं मुख्य पात्रका रूपमा देखिँदै हुनुहुन्छ। 'परदेशी २'को अनुभव र दर्शकबाट पाएको विश्वासले चलचित्र निर्माण र निर्देशनमा आँट दिलाएको उहाँको भनाइ छ। चलचित्र निर्देशनलाई उहाँले आफ्नो अर्को सपना भएको रूपमा अर्थ्याउनुभयो । गायनसँगै म्यूजिक भिडियोको अभिनय र नृत्यमा पनि सपूतलाई दर्शकले रुचाएका छन् । "अभिनेताका रूपमा 'परदेशी २' लाई मैले परीक्षाका रूपमा लिएको थिएँ, निर्देशकीय हिसाबले 'वसन्त' अर्को परीक्षा हो", सपूतले भन्नुभयो, "पहिलेदेखि सँगालेको सपना पूरा गर्न पाउँदा उत्तिकै उत्साहित पनि छु।" चलचित्र 'वसन्त' आफ्नो पुस्ताले बाँचेको समयको कथामा आधारित रहेको उहाँले सुनाउनुभयो। "चलचित्रमा दर्शकले आफ्नै गाउँठाउँको कथा पाउनेछन्, यसमा नेपालीपन हुनेछ, मौलिक लवज र सङ्गीत हुनेछ", सपूतले भन्नुभयो, "चलचित्रले हाम्रै समयको कथा भन्छ, सामाजिक विषयवस्तु यसमा मुखरित छ ।" चलचित्रमा आफ्नै जन्मथलो बागलुङको धम्जा गाउँको परिवश र कथावस्तु चित्रित हुने उहाँको भनाइ छ। सपूतले आफ्नो भोगाइ र अनुभवलाई चलचित्रको कथामा ढालेको बताउनुभयो । विश्वकर्मा समुदायको युवकले लेखक बन्ने सपना पूरा गर्न गरेको सङ्घर्ष र उसको प्रेमकथालाई चलचित्रमा देखाउन खोजिएको सपूतले बताउनुभयो । कथा, सङ्गीत, निर्देशन, पात्र र चरित्र निर्वाहका दृष्टिले चलचित्रमा नेपालीपन दिन खोजिएको सपूतले बताउनुभयो। चलचित्रको दोस्रो मुख्य पात्र 'शान्ति' का रूपमा अभिनेत्री स्वस्तिमा खड्काले सपूतलाई साथ दिनुहुने छ । गलबन्दी प्रडक्सनको ब्यानरमा बन्ने चलचित्रमा अनुप बराल, प्रकाश घिमिरे, कमलमणि नेपाललगायतको अभिनय रहनेछ। चलचित्रको कथा र सङ्गीत पनि सपूत आफैंले तयार पार्नुभएको छ । चलचित्रको सह-निर्देशन सुनिल विकले गर्ने जनाइएको छ । चलचित्रको कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टाई र नेन्सी शेरचन रहनुभएको छ । बागलुङको काठेखोला गाउँपालिका-३ धम्जामा जन्मनुभएका सपूतका 'गलबन्दी', 'बोलमाया', 'पिर', 'सकम्बरी', 'दमाइ महाराज', 'बदला बरिलै', 'कुरा बुझ्नुपर्छ' लगायत गीत चर्चित छन्। सामाजिक मुद्दालाई सिर्जनामा मुखरित गर्न पारङ्गत उहाँ गीतमा कथानकको प्रयोग गर्न सक्ने स्रष्टाका हिसाबले पनि चिनिनुहुन्छ। सपूतका कतिपय रचनालाई लिएर सार्वजनिक विवाद र बहसमसेत हुने गरेको छ। विसं २०६९ मा 'मुसुमुस नहाँस मायाले' बोलको लोकदोहोरी गीतबाट साङ्गीतिक क्षेत्रमा प्रवेश गर्नुभएका सपूत अहिलेका सर्वाधिक सफल कलाकारका रूपमा चिनिनुहुन्छ। मौलिक गीत 'गलबन्दी' बाट चर्चाको उचाइमा पुग्नुभएका उहाँका गीतका म्यूजिक भिडियोले युट्युबमा करोडौं 'भ्यूज' बटुल्न सफल भएका छन्।